गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

## *विशेषांक: बागलुङ जिल्ला पूर्ण खोप सुनिश्चित*

नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा परिभाषित गरी नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गरेको छ । जनस्वास्थ्य सेवा ऐन २०७५ मा खोप सेवालाई आधारभूत निःशुल्क स्वास्थ्य सेवाको सूचीमा राखिएको छ । खोप सेवालाई व्यवस्थित बनाउनका लागि खोप ऐन २०७२ तथा नियमावली २०७४ र प्रदेश खोप एन २०७५ ले गुणस्तरीय खोप सेवा सुनिश्चितताका लागि कानूनी प्रावधानहरु तय गरेको छ ।

बागलुङ जिल्लालाई मिति २०७५ साल आषाढ २५ गते पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गरिएको थियो साथै आगामी दिनमा पनि यसलाई निरन्तरता दिने प्रतिवद्धता समेत जाहेर गरिएको थियो। सोहि प्रतिबद्धता सुनिश्चित गर्न बागलुङ जिल्लाका दशवटै स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरु घर घरमा गएर २३ महिना सम्मका खोप लगाउन छुट बालबालिकाहरुको खोजी गरी खोप छुट भएका सम्पूर्ण बालबालिकाहरुलाई खोप लगाउने कार्य सम्पन्न गरी २०८२ जेष्ठ ३० गते वडा, पालिका हुँदै बागलुङ जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ।





हाल बागलुङ जिल्लामा २०५ वटा खोपकेन्द्रबाट प्रत्येक महिना २१५ खोप सेसन द्वारा निरन्तर रुपमा खोप तथा सरसफाई प्रवर्धन सेवा प्रदान गरिदै आइरहेको छ ।बागलुङ जिल्लामा १५ महिना सम्मका ३,५५२ जना बच्चाहरु खोप लगाईरहेका छन भने १६ देखि २३ महिनासम्मका ३,०९८ जना बालबालिकाहरुले १५ महिनाको उमेरभित्र पाउनुपर्ने १३ वटा रोगहरु विरुद्धको सम्पूर्ण खोप पाएका छन । बागलुङ जिल्लामा अभियानको रुपमा संचालन गरिएको महिलाहरुमा हुने पाठेघरको

मुखको क्यान्सर विरुद्वको “एच.पि.भी. खोप अभियान २०८१” अन्तर्गत विद्यालय जाने ६ देखि १० कक्षा सम्मका ११,०६२ छात्राहरु र विद्यालय नजाने १० देखि १४ वर्षसम्मका ११५ किशोरीहरु गरी जम्मा ११,१७७ जना (९८% कभरेज) लाई एच.पि.भी. खोप प्रदान गरीएको छ ।

बागलुङ जिल्लामा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना अभियानको क्रममा खोप प्राप्त गरेका सबै बालबालिकाको विवरण पेश तपशिल बमोजिम रहेको छ।

| पालिका स्तरीय पूर्ण खोपको विवरण (८१/८२) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पालिका | पूर्ण खोप घोषणा मिति | हाल खोप पाईरहेका ०-१५ महिनाका बालबालिका | पूर्ण खोप प्राप्त गरेका १६-२३ महिनाका बालबालिका |
| १ | ताराखोला गाउँपालिका | २०८२/०१/२१ | १२३ | ७० |
| २ | जैमिनी नगरपालिका | २०८२/०१/२२ | ३१३ | २२६ |
| ३ | बागलुङ नगरपालिका | २०८२/०२/०६ | ६६३ | ४५९ |
| ४ | गलकोट नगरपालिका | २०८२/०२/०७ | ४२७ | ३२७ |
| ५ | ढोरपाटन नगरपालिका | २०८२/०२/०७ | ६०८ | ४५४ |
| ६ | बरेङ गाउँपालिका | २०८२/०२/०८ | १३६ | ५०९ |
| ७ | काठेखोला गाउँपालिका | २०८२/०२/११ | २२७ | २०७ |
| ८ | बडिगाड गाउँपालिका | २०८२/०२/१४ | ४४० | ३५५ |
| ९ | निसिखोला गाउँपालिका | २०८२/०२/१८ | ४५२ | ३७७ |
| १० | तमानखोला गाउँपालिका | २०८२/०२/२६ | १६३ | ११४ |
| | जम्मा | | ३५५२ | ३०९८ |





आर्थिक वर्ष २०८२/०८३ लागि नेपाल सरकारको नीति/कार्यक्रममा समावेश “निरोगी नेपाल अभियान” अन्तर्गत सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्य, तथा गण्डकी प्रदेश सरकारको २०८२/८३को नीति तथा कार्यक्रममा प्राथमिकतामा रहेको मातृ तथा नवाशिशु मृत्युदर घटाउने उद्देश्य पुरा गर्न पनि पूर्ण खोप कार्यक्रमको उल्लेखनीय भूमिका रहने नै छ।

जनस्वास्थ्यका प्रयास मध्ये सबैभन्दा सफल एवं लागत प्रभावकारी कार्यक्रमको रुपमा रहेको खोप कार्यक्रमले संक्रामक रोगहरूको रोकथाम गरी नागरिकको जीवन रक्षा गर्ने र दीर्घकालीन रूपमा स्वास्थ्य सेवामा पर्ने आर्थिक भार समेत घटाउने हुनाले यो कार्यक्रम सधैं उच्च प्राथमिकतामा रहन जरुरि छ। पूर्णखोप साध्य नभई सुनिश्चितताको माध्यम भएकाले कोहि पनि बालबालिका कुनैपनि खोपबाट वन्चित नभएको सुनिश्चित गर्न प्रत्येक वर्ष सम्पन्न गर्नुपर्ने हुन्छ।

# पूर्ण खोप सुनिश्चितता एवं दिगोपना घोषणा कार्यक्रम २०८१/८२ अन्तर्गत खिचिएका तस्बिर


















# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा जेष्ठ महिनामा सम्पादित क्रियाकलाप

## *पारिवारिक तथा जनसान्ख्यिक लगत संकलन कार्यक्रमको सार्वजनिकिकरण कार्यक्रम*




प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना एवम जैमिनी नगरपालिकाको समन्वयमा मिति २०८२/०२/०७ गते पारिवारिक तथा जनसान्ख्यिक लगत संकलन कार्यक्रमको सार्वजनिकिकरण कार्यक्रम सम्पन्न गरिएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख श्री घनश्याम सपकोटाज्युको अध्यक्षता एवम जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुनज्युको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको उक्त कार्यक्रममा जैमिनी नगरपालिकाका उपप्रमुख श्री हरिहर शर्मा, प्रमुख प्रशासकिय अधिकृत श्रीकृष्ण पौडेल लगायतका अतिथिले कार्यक्रमको वारेमा मन्तब्य राख्दै तथ्यांक अध्यावधिक गर्नेको लागि वजेट विनियोजन गर्न आवश्यक पहल गर्ने प्रतिबद्धता सहितको मन्तब राख्नु भएको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री कुशुमशीला भट्ट तथा जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे, जैमिनी नगरपालिका स्वास्थ्य शाखा प्रमुख श्री गोविन्द प्रसाद शर्मा, जैमिनी नगरपालिकाका वडाध्यक्ष एवम स्वास्थ्य संस्था प्रमुखको उपस्थिती रहेको थियो।





कार्यक्रम संचालन जैमिनी नगरपालिकाका जनस्वास्थ्य निरीक्षक श्री तिर्थ पौडेलले गर्नुभएको थियो भने स्वागत मन्तव्य प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले राख्नुभएको थियो। कार्यक्रम सहजीकरण प्रादेशिक स्वास्थ्य निर्देशनालयका वरिष्ठ तथ्यांक अधिकृत श्री दिवाकर शर्माज्युले गर्नुभएको थियो। सहि तथ्यांक उपलब्ध हुदा नीति, योजना तथा कार्यक्रम निर्माण सहित समुदायको स्वास्थ्य स्तर उकास्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। सहभागी स्वास्थ्यकर्मीहरुले तथ्यांक संकलनको समयमा परेका कठिनाइ र अवसरको वारेमा आफ्नो धारण राख्नु भएको थियो।

# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा जेष्ठ महिनामा सम्पादित क्रियाकलाप

## *अन्तर्राष्ट्रीय महिनावारी स्वच्छता दिवसको अवसरमा वक्तृत्वकला प्रतियोगिता*

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना तथा काठेखोला गाउँपालिकाको समन्वयमा मिति २०८२/०२/१४ गतेका दिन काठेखोला गाउँपालिका वार्ड नं ४ स्थित श्री धारा मा.वि. तंग्राममा अन्तर्राष्ट्रीय महिनावारी स्वच्छता दिवसको अवसरमा "सुरक्षित महिनावारीः हामी सबैको जिम्मेवारी " शीर्षकमा बक्तृत्त्वकला प्रतियोगिता सम्पन्न भएको छ। काठेखोला गाँउपालिकामा वडा नं ४ मा रहेका मा.वि तहका विद्यालयका २ जना छात्र र २जना छात्रा का गरि ०८ जना प्रतियोगी विद्यार्थीको सहभागिता रहेको थियो। उक्त कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका कार्यालय प्रमुख श्री घनश्याम सापकोटा ज्यूको अध्यक्षतामा सञ्चालन भएको थियो। उक्त कार्यक्रमको प्रमुख अतिथि जिल्ला समन्वय समिति बागलुङका प्रमुख श्री अमर बहादुर थापा रहनु भएको थियो। साथै कार्यक्रममा काठेखोला गाउँपालिका वडा नं ४ का वडा अध्यक्ष श्री लक्ष्मण पुन, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका श्री कुशुमशिला भट्ट , काठेखोला गाउँपालिकाका शिक्षा अधिकृत श्री रमा उचै, स्वास्थ्य संयोजक सोमराज पाण्डेय, धारा मा.विका प्र.अ.श्री कमला थापा, नारायणी मा.विका शिक्षिका श्री कविता पुन,तंग्राम स्वास्थ्य चौकी प्रमुख हरि बहादुर थापाले आतिथ्यता ग्रहण गर्नु भएको थियो। प्रतियोगितामा प्रतियोगी विद्यार्थी हरुले आफ्नो उत्कृष्ठ प्रस्तुति प्रस्तुत गर्नु भएको थियो।













उक्त वक्तृत्व कला प्रतियोगितामा सहभागी प्रथम,द्वितीय,तृतीय हुने प्रतियोगि लाई ट्रफी,मेडल, डिक्सनरी र प्रमाणपत्र वितरण गरिएको थियो भने सहभागी सम्पूर्णलाई डिक्सनरी र प्रमाणपत्र वितरण गरिएको थियो। धारा मा.वि.मा सञ्चालन भएको कार्यक्रमको सञ्चालन प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले गर्नु भएको थियो भने कार्यक्रमको उद्देश्य तथा स्वागत मन्तव्य प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत कुशुमशिला भट्टले गर्नु भएको थियो। व्यवस्थापन प्रदेश जनस्वास्थ्य कार्यालयका सि.म.ई श्री कमला थापाले गर्नु भएको थियो।

### *महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि पुनर्ताजगी तालिम*

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको को आयोजना तथा जैमिनि नगरपालिका को समन्वयमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि पुनर्ताजगी तालिम मितिः २०८२।०२/१३ देखि २०८२/०२/१६ सम्म जैमिनि नगरपालिकाका वार्ड नं ७ मा सञ्चालित तालिम मा वडा नं ६ अर्जेवा ७ जना र वडा नं ७ जैदिका ११ जना गरि जम्मा १८ जनाको उपस्थिति रहेको समापन कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका कार्यालयका श्री समिता घिमिरे ज्यूको अध्यक्षतामा सञ्चालन भएको थियो। उक्त कार्यक्रमको अतिथि जैमिनि नगरपालिका श्री तिर्थ पौडेल रहनु भएको थियो। साथै तालिमका प्रशिक्षक तथा सर्कुवा स्वास्थ्य चौकी प्रमुख डिल बहादुर थापा, प्रदेश जनस्वास्थ्य कार्यालय मलेरिया इन्स्पेक्टर कमला थापा, जैदि स्वास्थ्यका सम्पुर्ण टिम। रहनु भएको कार्यक्रमको सञ्चालन जैदि स्वास्थ्य चौकीका प्रमुख श्री झलकराज आचार्यले गर्नु भएको थियो ।

















# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा जेष्ठ महिनामा सम्पादित क्रियाकलाप

## *महिला सामुदायिकम स्वास्थ्य स्वयम सेवीकाहरुको आधारभुत तालिम*

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा काठेखोला गाउँपालिकाक समन्वयमा मिति २०८२/०२/०९ गते देखि २०८२।०२।१८ गते सम्म सञ्चालन भएको १० दिने महिला सामुदायिकम स्वास्थ्य स्वयम सेवीकाहरुको आधारभुत तालिमको यहि मिति २०८२।०२।१८ गतेका दिन समापन भएको छ।उक्त कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालयका कार्यालय प्रमुख श्री घनश्याम सापकोटाको अध्यक्षता रहेको थियो।




यस कार्यक्रममा प्रमुख अतिथि काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा, सहित प्रमुख प्रशासकिय अधिकृत चुर्ण बहादुर कार्की जनस्वास्थ्य अधिकृत रामचन्द्र लामा वडा अध्यक्ष वृहस्पति शर्मा तथा प्रदेश जनस्वास्थ्यको जनस्वास्थ्य अधिकृत समिता घिमिरे काठेखोला गाउँपालिकाको स्वास्थ्य शाखाका कर्मचारी सहितको उपस्थितिमा कार्यक्रमको संचालन काठेखोला गाउँपालिकाका सिनियर अ.न.मी श्री देविमाया भण्डारी ज्युले गर्नुभएको थियो ।




कार्यक्रममा काठेखोला गाउँपालिकाका भित्रका विभिन्न वडाहरुबाट आधारभुत तालिम लिन बाँकी १८ जना महिला सामुदायिक स्वास्थ्य स्वयम सेवीहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो।








# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा जेष्ठ महिनामा सम्पादित क्रियाकलाप

## *नाक,कान,घाँटी, आँखा तथा मुख स्वास्थ्य सम्बन्धि अभिमुखिकरण कर्यक्रम सम्पन्न*

मिति २०८२/०२/२२ र २३ गते २ दिन सम्म प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा नाक,कान,घाँटी, आँखा तथा मुख स्वास्थ्य सम्बन्धि अभिमुखिकरण कर्यक्रम सम्पन्न भएको छ। उक्त अभिमुखिकरणको उद्धघाटन कार्यक्रमको अध्यक्षता जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख घनश्याम सापकोटाले गर्नु भएको थियो । अतिथि प्रशिक्षक धौलागिरी प्रादेशिक अस्पतालका आँखा रोग विशेषज्ञ सुहाना श्रेष्ठ, दन्तरोग बिशेषज्ञ सम्झना लामिछाने र नाक कान तथा घाटी रोग बिशेषज्ञ अस्मिता श्रेष्ठको उपस्थितिमा भएको कार्यक्रममा उद्देश्य तथा स्वागत जनस्वास्थ्य अधिकृत कुसुमशिला भट्ट तथा सन्चालन देव प्रकाश घिमिरेले गर्नु भयको थियो, कार्यक्रममा जनस्वास्थ्य अधिकृत समिता घिमिरे र जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माको उपस्थिति रहेको थियो।








बागलुङ जिल्लाका दश वटा गाउपालिका तथा नगरपालिकाका २४जना स्वास्थ्यकर्मीहरुको सहभागि थिय।यस कार्यक्रम पश्चात नाक कान,घाँटी, आखा तथा मुखमा देखिने आकस्मिक समस्याको व्यबस्थापन गरि गम्भिर प्रकृतिका समस्या रेफर गर्न र समयमा नै विरामीलाइ उपचारको दायरा ल्याउनुको साथै समुदायमा स्वास्थ्य शिक्षाका बिभिन्न कार्यक्रम सन्चालन गर्नमा अभिमुखीकरण कार्यक्रम सफल हुने कुरामा कार्यालयले विश्वास लिएको छ।





## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा जेष्ठ महिनामा सम्पादित क्रियाकलाप

### *सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि पुनर्ताजगी तालिम*

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना तथा बागलुङ नगरपालिकाको समन्वयमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि पुनर्ताजगी तालिम मितिः २०८२।०२/२५ देखि २०८२/०२/२८ सम्म बागलुङ नगरपालिकाका वार्ड नं १३ मा सञ्चालित तालिम मा वडा नं १२ अमलाचौर स्वास्थ्य चौकी बटा ८ जना, वडा नं १३बागलुङ नगर अस्पताल बाट १० जना र वडा नं १४ नारायणस्थान स्वास्थ्य चौकी बाट ८ जना गरि जम्मा २६ जनाको उपस्थिति रहेको समापन कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका कार्यालय प्रमुख श्री घनश्याम सापकोटाको अध्यक्षतामा सञ्चालन भएको थियो। उक्त कार्यक्रमको अतिथि बागलुङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख श्री राम प्रसाद खनाल रहनु भएको थियो। साथै तालिमका प्रशिक्षक तथा बागलुङ नगर अस्पताल प्रमुख मेडिकल अधिकृत डा.सन्तोष आचार्य , अमलाचौर स्वास्थ्य चौकी प्रमुख कृष्णप्रसाद शर्मा बागलुङ नगर अस्पतालकको तर्फबाट कार्यक्रमको संयोजन गर्नु हुने दुर्गा प्रसाद शर्मा, पुनम रिजाल, पुजा पन्त के.सि, प्रदेश जनस्वास्थ्य कार्यालय सिनियर मलेरिया इन्स्पेक्टर कमला थापा, बागलुङ नगर अस्पतालका सम्पुर्ण टिम रहनु भएको कार्यक्रमको सञ्चालन अमलाचौर स्वास्थ्य चौकीका प्रमुख श्री कृष्णप्रसाद शर्माले गर्नु भएको थियो ।














# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा जेष्ठ महिनामा सम्पादित क्रियाकलाप

## *MNH सेवा, PRTP र MPDSR सम्बन्धी समीक्षा तथा अभिमुखीकरण कार्यक्रम*

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुंगको आयोजनामा मिति २०८२/०२/१९ र २० गते MNH सेवा, PRTP र MPDSR सम्बन्धी समीक्षा तथा अभिमुखीकरण संपन्न भए को छ ।




कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख घनश्याम सापकोटा ज्यू को अध्यक्ष्यतामा जनस्वास्थ्य अधिकृत कुशुमशिला भट्ट, समिता घिमिरे र धौलागिरी अस्पतालका नर्सिंग अधिकृत प्रियंका वि.क. लगायत को उपस्थिति रहको थियो ।




स्वास्थ्य संस्थामा कार्यरत नर्सिंग कर्मचारिहरुको उपस्थितिमा मातृ तथा नवशिशु सेवा, गर्भवती ट्रायकिंग तथा MPDSR कार्यक्रमको समिक्षा तथा नया अध्यावधिक भए का विषयमा छलफल तथा अभिमुखीकरण गरिय को थियो ।




उक्त कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालयका क्षय कुष्ठ निरीक्षक देव प्रकाश घिमिरे ले गर्नु भयको थियो भने जनस्वास्थ्य अधिकृत कुशुमशीला भट्ट, समिता घिमिरे र नर्सिंग अधिकृत प्रियंका वि.क. र नारायण रिजाल ले कार्यक्रम सहजीकरण गर्नु भएको थियो ।





# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा जेष्ठ महिनामा सम्पादित क्रियाकलाप

## *खोप सेवा संचालन तथा सरसफाई प्रवर्द्धनमा संलग्न स्वास्थ्यकर्मीको लागि २ दिने पुनर्ताजगी तालिम*

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप सेवा संचालन तथा सरसफाई प्रवर्द्धनमा संलग्न स्वास्थ्यकर्मीको दक्षता बृद्धि, ज्ञानसीप अद्यावधिक गर्नको लागि २ दिने पुनर्ताजगी तालिमको ३ ब्याच सम्पन्न भएको छ । स्वास्थ्यकर्मीहरुलाई खोप कोल्डचेन, ए.ई.एफ.आइ. व्यवस्थापन तथा सर्भीलेन्स सम्बन्धी जानकारी गराउनुको साथै खोप सेवामा संलग्न स्वास्थ्यकर्मीहरुलाई पुर्नताजगी तालिम प्रदान गरि दक्षता बृद्धि तथा सो सम्बन्धमा ज्ञानसीप अध्यावधिक गराइ खोप सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने उदेश्य अनुरुप कार्यक्रम संचालन भएको थियो । प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख श्री घनश्याम सापकोटा ज्यूको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले गर्नुभएको थियो भने जनस्वास्थ्य अधिकृत श्री कुसुमशीला भट्टले स्वागत मन्तव्य राख्नुभएको थियो ।उक्त कार्यक्रममा प्रादेशिक स्वास्थ्य निर्देशनालयका खोप अधिकृत श्री एकनारायण लम्साल, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री कुसुमशीला भट्ट, जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे, खोप सुपरभाइजर श्री राजु खत्री, र WaterAid Nepal का Quality Monitoring Officer श्री सम्झना पाठकले सहजिकरण गर्नुभएको थियो ।












# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा जेष्ठ महिनामा सम्पादित क्रियाकलाप

प्रदेश जनस्वास्थ्य कार्यालय बगलुंग को आयोजनामा मिति २०८२/०२/२८ देखि ३० गते सम्म ३ दिनको स्तनपान परामर्श दाता सम्बन्धी तालीम संपन्न भएको छ । कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालयका निमित्त कार्यालय प्रमुख घनश्याम सापकोटा को अध्यक्षतामा बर्थिंग सेण्टर का नर्सिंग कर्मचारी लगायत २९ जनाको उपस्थितिमा सम्पन्न भएको थियो ।













# बागलुङ जिल्लास्थित स्थानीय तहद्वारा जेष्ठ महिनामा सम्पादित क्रियाकलाप

## *बागलुङ नगरपालिका*

- स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा बैठक
- पूर्ण खोप दिगोपना सुनिश्चितता पालिका घोषणा
- महिनावारी स्वच्छता दिवस मा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
- पोषण सप्ताह पोषण महिना विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम जुकाको औषधि वितरण कार्यक्रम
- किशोर किशोरी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
- डेङ्गु रोग सम्बन्धी सचेतना र विद्यालय शिक्षा कार्यक्रम
- प्रदेश जनस्वास्थ्य कार्यालय बाग्लुङको सहयोगमा बानपा १२ १३ १४ का सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई Refresherतालिम
- नारायणस्थान स्वास्थ्य चौकीमा प्रदेश जनस्वास्थ्य कार्यालयको प्राविधिक सहयोगमा न्यूनतम सेवा मापदण्ड मापन
- जेष्ठ नागरिकहरूको लागि नसर्ने रोग स्क्रिनिङ शिविर
- एचआइभी सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।

## *बडीगाड गाउँपालिका*

- स्वास्थ संस्थाहरूबाट बैशाख महिनामा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको मासिक समिक्षा गोष्ठी ।
- पूर्णखोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा
- निशुल्क ऑखा परिक्षण तथा मोतियाविन्दुको शल्याकृया स्वास्थ्य शिविर
- सुनौला १००० दिनका आमाहरुलाई पोषणा बिशेष कार्यक्रम समन्धी अभिमुखिकरण
- बिद्यालय स्वास्थ्य तथा पोषण सप्ताह ( जुकाको औषधी खुवाउने, सरसफाई तथा बिबिध कृयाकलाप संचालन
- किशोर किशोरी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
- IMNCI कार्यक्रमको स्थलगत अनुशिक्षण
- महिनावारी स्वच्छता दिवस अवसरमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन

## *जैमिनी नगरपालिका*

- पारीवारिक तथा जनसांख्कि लगत संकलन कार्यक्रमको सार्वजनिकिकरण तथा जेठ महिनाको मासिक समीक्षा
- स्वास्थ्यकर्मीहरुको लागि eHMIS तथा eLMIS सम्बन्धि पुर्नताजकि तालिम सम्पन्न
- बिद्यालयका बिद्यार्थीहरुको लाई जुकाको औषधि खुवाईएको ।
- जेठ महिनालाई पोषण महिनाको रुपमा मनाउन ५ वर्ष मुनिका बालवालिकाको पोषण लेखाजोखा , पोषण सम्बन्धि विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन,पोषण सप्ताहा ,पोषण प्रर्दशनी कार्यक्रम सम्पन्न
- किशोर किशोरी बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न
- HIV सम्बन्धि बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न
- दमेक,अर्जेवा स्वास्थ्य चौकी र नेपाने शहरी स्वास्थ्य केन्द्रमा व्यवस्थापन समिति र स्वास्थ्यकर्मीहरूको संग्लग्नतामा न्युतम सेवा मापदण्डको समिक्षा तथा मुल्यांकन कार्यक्रम सम्पन्न
- जैमिनी ७ जैदीको सतीढुङ्गा मा.बि.मा बिद्यार्थीहरुको आँखाको स्किनिङ उपचार र सल्लाह र प्रेषण

## *ढोरपाटन नगरपालिका*

- किशोरिहरुको रक्त अल्पता तथा बालबालिकाहरुको पोषण स्कृनिङ कार्यक्रम।
- पूर्ण खोप दिगोपना घोषणा तथा सुनिश्चितता पालिका घोषणा
- वडा नम्बर ९ मा सुप्राङ बर्थिङ सेन्टर स्थापना
- बाल कलबका पदाधिकारिहरुलाइ वालविवाह न्युनिकरणको लागि अभिमुखिकरण कार्यक्रम
- अधिकारिचौर स्वास्थ्य चौकिमा किशोर किशोरी मैत्री कक्ष स्थापना
- महिनावारी स्वच्छता दिवस मा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
- पोषण सप्ताह पोषण महिना विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम जुकाको औषधि वितरण कार्यक्रम
- किशोर किशोरी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
- स्थानिय स्तरमा उत्पादन गर्न सकिने सेनिटरि प्याड बनाउने तालिम सन्चालन
- प्रदेश जनस्वास्थ्य कार्यालय बाग्लुङको आयोजनामा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई १० दिने आधारभुत तालिम
- स्वास्थ कार्यक्रमहरुको मासिक बैठक ।
- वडा नम्बर ८ र ९ का सम्पुर्ण महिला स्वास्थ्य स्वयम् सेविका संग ´´साथ कार्यक्रम सम्पन्न।´´

- सेराबाङ टोल सुधार समितीको अभिमुखिकरण तथा फोहोर व्यवस्थापन सामग्री वितरण।

## गलकोट नगरपालिका

- पोषण सप्ताहको अवसरमा गलकोट नगरपालिकाका ११ ओटै वडाहरुमा विज्ञान तथा पोषण प्रदर्शनी कार्यक्रम एवं विद्यालय स्तरमा विविध कार्यक्रम संचालन गरि पोषण सप्ताह कार्यक्रम सम्पन्न गरियो ।
- "महिनावारी मैत्री समाजका लागी सहकार्य" भन्ने मुल नाराका साथ महिनावारी स्वास्थ्य तथा स्वच्छता सम्वन्धि विद्यार्थिहरुलाई अभिमुखिकरण कार्यक्रम गरि महिनावारी स्वच्छता दिवस कार्यक्रम मनाईयो ।
- एच.आई.भि/एड्स सम्बन्धी भेदभाव न्युनिकरण सम्बन्धी विद्यालमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरियो।
- गलकोट नगरपालिकाका सम्पूर्ण वडाहरुमा पूर्णखोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा गरि गलकोट नगरपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरियो ।
- गर्भवतिहरुलाई ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम मार्फत गर्भावस्थामा हुन सक्ने जोखिमको न्युनिकरण गर्न विभिन्न स्वास्थ्य संस्थाहरुमा ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम सम्पन्न गरियो ।
- नगरपालिका भित्रका सम्पूर्ण माध्यामिक विद्यालहरुमा अध्यनरत किशोरकिशोरीहरुलाई किशोरावस्थाको बारेमा विद्याल स्वास्थ्य शिक्षा कार्यक्रम ।
- नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुका कक्षा ६ देखि १२ सम्ममा अध्यनरत किशोरीहरुमा रक्तअल्पता रोगको स्क्रिनिङ कार्यक्रम सम्पन्न गरियो ।
- स्वस्थ मुख सकरात्मक सोच भन्ने मुल नाराका साथ मुख स्वास्थ्य कार्यक्रम अन्तरगत आधारभूत विद्यालयहरुमा अध्यनरत बालबालिकाहरुलाई ब्रस गर्ने सहि तरिकाको बारेमा डेमोस्ट्रेसन तथा ब्रस कोलगेट वितरण गरि मुख स्वास्थ्य कार्यक्रम सम्पन्न गरियो ।
- क्षयरोग मुक्त गलकोट अभियान सफल पार्न युवा परिचाल समिति गठन तथा अभिमुखिकरण कार्यक्रम सम्पन गरियो।
- डेङ्गु खोज र नष्ट गर कार्यक्रम अन्तर्गत बर्षातको समयमा हुन सक्ने लामखुट्टेको वृद्दीलाई न्युनिकरण गर्न सरोकारवाला निकाय तथा समुदाय परिचाल गरि लामखुट्टेका सम्भावित वासस्थान खोजि नष्ट गरियो ।

## काठेखोला गाउँपालिका

- पाला स्वास्थ्य चौकीमा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरीएको
- वडा नं १ पाला स्वास्थ्य चौकीमा न्युनतम स्वा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न गरीएको
- क्षयरोगमुक्त अभियानको स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका तथा सरोकारवालाहरुका लागि बिहुँ र रेश स्वास्थ्य चौकीमा अभिमुखिकरण कार्यक्रम संचालन गरीएको
- नर्सिङ स्वास्थ्यकर्मीहरुका लागि PNC समीक्षा कार्यक्रम सम्पन्न गरीएको
- काठेखोला गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम पालिका घोषणा कार्यक्रम सम्पन्न गरीएको
- प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजना तथा गाउँपालिकाको समन्वयमा धम्जा र तंग्राम स्वास्थ्य चौकी अन्तर्गतका महिला सामुदायकि स्वास्थ्य स्वयं सेविकाहरुको पुनर्ताजगी तालिम कार्यक्रम सम्पन्न गरीएको
- प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजना तथा गाउँपालिकाको समन्वयमा महिनावारी स्वच्छता दिवसको अवसरमा "महिनावारी मैत्री समाजका लागि सहर्काय" भन्ने नाराका साथ वडा ४ तंग्राम स्थित धारा र नारायणी माध्यामिक विद्यालयका छात्रा छात्रहरुको सहभागीतामा "सुरक्षित महिनावारी, हामी सबैको जिम्मेवारी" विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरीएको
- प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजना तथा गाउँपालिकाको समन्वयमा गाउँपालिकाका १८ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको आधारभुत तालिम कार्यक्रम सम्पन्न गरीएको
- RUSG कार्यक्रम संचालन गरीएको
- परिवार नियोजनको स्याटेलाइट क्याम्प संचालन गरीएको
- पोषण सप्ताह अन्तर्गत सबै स्वास्थ्य संस्थाहरुमा पोषण प्रदर्शनी तथा अन्तर्क्रिया, जुकाको औषधि वितरण लगायतका कार्यक्रम गरी सम्पन्न गरीएको

## *तमानखोला गाउँपालिका*

- स्वास्थ्य कार्यक्रमहरुको एकिकृत मासिक समिक्षा
- पूर्णखोप सुनिश्चितताको दिगोपना वडा एवम पालिका घोषणा
- तमानखोला गाउँपालिका वडा नम्वर ३,४,५ र ६ लाई पूर्ण संस्थागत सुत्केरी सुनिश्चित वडा घोषणा
- ५ बर्षमुनिका वालवालिकाको आम पोषण लेखाजोखा तथा पूर्ण सरसफाई सर्वेक्षण एवम अनुगमन
- ६ वटै वडामा सुनौला १००० दिनका आमाहरुलाई पोषणा बिशेष कार्यक्रम समन्धी अभिमुखिकरण
- तोकिएको बिभिन्न कृयाकलापहरू गरी बिद्यालय स्वास्थ्य तथा पोषण सप्ताह ( जुकाको औषधी खुवाउने, सरसफाई तथा बिबिध कृयाकलाप)
- सबै स्वास्थ्य संस्थाद्वारा महिनावारी स्वच्छता दिवश मनाईएको
- माध्यमिक बिद्यालयमा बालबिबाह तथा लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी अन्तरकृया कार्यक्रम

## *निसिखोला गाउँपालिका*

- न्युनतम सेवा मापडण्ड राजकुत स्वा चौकिमा गरियो ।
- महिनावारी स्वच्छता कार्यक्रम सम्पन्न गरियो ।
- पोषण सप्ताह सबै स्वास्थ्य सस्थांमा सम्पन्न गरियो ।
- मानसिक रोग तथा अत्मा हत्या न्युनिकरण कार्यक्रम
- विधालय स्वास्थ्य शिक्षा कार्यक्रम
- कुडुला सामुदायिक स्वास्थ्य इकाई स्थापना
- वडा तथा पालिका पुर्णाखोप घोषण कार्यक्रम सम्पन्न गरियो ।
- सुरक्षित मातृत्व कार्यक्रम को अनुगमन तथा मुल्याङकण कार्यक्रम ।

## *बरेङ गाउँपालिका*

- विद्यालय स्वास्थ्य तथा सप्ताह कार्यक्रम सबै स्वास्थ्य संस्थामा सम्पन्न
- २.महिनावारी स्वच्छता तथा सरसफाइ कार्यक्रम सबै विद्यालयमा सम्पन्न।
- ३.सबै वडाहरुमा किशोर किशोरी स्वास्थ्य शिक्षा
- ४.बाटाकाचौर स्वास्थ्यचौकीमा किशोर किशोरी मैत्री स्वास्थ्य सेव प्रवाह सम्बन्धी अभिमिखिकरण
- ५.वडा नम्बर ३ मा जेष्ठ नागरिक घरदैलो कार्यक्रम
- ६.बरेङ गाउँपालिका पुर्णखोप सुनिश्चितता दिगोपना घोषणा
- ७. बाटाकाचौर, सल्यान र बरेङमा बृहत स्वास्थ्य शिविर ९११ जना लाभान्वित

## *ताराखोला गाउँपालिका*

- HP-MSS कार्यक्रमको समिक्षा तथा स्वास्थ्य संस्थाहरुमा अनुगमन कार्यक्रम सम्पन्न,
- PNC घरभेट कार्यक्रम,
- वृद्धि अनुगमन गरिएको,
- वडाका स्वास्थ्य संस्थाहरुले आगामी वर्षको लागि आवध्यक योजना तथा कार्यक्रमहरु HFOMC को बैठकबाट निर्णय गरी वडा मार्फत पालिकामा पेश।
- वडा १ अन्तर्गत अमरभूमि स्वास्थ्य चौकीमा "नेपाल स्वास्थ्य कार्यबल" को प्राविधिक सहयोगमा निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न गरेको ।
- वडा ४ को ३ वटा टोल बस्तीमा खाद्य सुरक्षा तथा पोषण कार्यक्रम सम्बन्धि अनुशिक्षण कार्यक्रम सम्पन्न।

## धन्यवाद

*राष्ट्रिय खोप कार्यक्रममा उत्कृष्ट योगदान गर्नुभएकोमा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ निम्न स्वास्थ्य संस्था एवं स्वास्थ्य सेवा प्रदाकमाझ हार्दिक धन्यवाद ज्ञापन गर्दछ*

| उत्कृष्ट स्वास्थ्य संस्था | उत्कृष्ट स्वास्थ्यकर्मी |
|---|---|
| <br>हुग्दीशिर स्वास्थ्य चौकी, बरेङ गाउँपालिका-वडा नं २ | <br>अ.न.मि. सिर्जना खत्री, हुग्दीशिर सामुदायिक स्वास्थ्य इकाई, बरेङ गाउँपालिका, वडा नं २ |
| <br>रेश स्वास्थ्य चौकी, काठेखोला गाउँपालिका, वडा नं ७ | <br>सि.अ.हे.व. पवित्रा थापा, बिहुँ आधारभूत स्वास्थ्य सेवा केन्द्र, काठेखोला गाउँपालिका, वडा नं ६ |
| <br>नेपाने शहरी स्वास्थ्य केन्द्र, जैमिनी नगरपालिका, वडा नं ३ | <br>अ.न.मी. रुपा छन्त्याल, नेपाने शहरी स्वास्थ्य केन्द्र, जैमिनी नगरपालिका, वडा नं ३ |
| <br>संस्थागत क्लिनिक, बागलुङ नगरपालिका, वडा नं २ | <br>अहेव टंकनाथ सुवेदी, नारायणस्थान स्वास्थ्य चौकी, बागलुङ नगरपालिका, वडा नं १४ |



देवीस्थान स्वास्थ्य चौकी, निसिखोला गाउँपालिका, वडा नं १



हे.अ. गणेश खड्का, निसिखोला स्वास्थ्य चौकी,
निसिखोला गाउँपालिका, वडा नं ६



ग्वालीचौर स्वास्थ्य चौकी, बडीगाड गाउँपालिका वडा नं ५



सि. अहेव भिमकाली राना, रणसिंहकिटेनी स्वास्थ्य चौकी,
बडीगाड गाउँपालिका, वडा नं ८



नर्जाखानी आधारभूत स्वास्थ्य सेवा केन्द्र, तमानखोला गाउँपालिका, वडा नं ६



सि. अहेव. शान्ति बुढाथोकी, तमान स्वास्थ्य चौकी,
तमानखोला गाउँपालिका, वडा नं ३



हटिया स्वास्थ्य चौकी, गलकोट नगरपालिका, वडा नं ३



सि. अहेव हिरा काउचा, पाण्डवखानी स्वास्थ्य चौकी, गलकोट नगरपालिका, वडा नं १०



अमरभूमि स्वास्थ्य चौकी, ताराखोला गाउँपालिका, वडा नं १



सि.अ.न.मी. तनमती रोका, ताराखोला स्वास्थ्य चौकी, ताराखोला गाउँपालिका , वडा नं ५



सेरावाङ आधारभूत स्वास्थ्य सेवा केन्द्र, ढोरपाटन नगरपालिका, वडा नं ८



अ.हे.व. बिमला घर्ति मगर, सामा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ढोरपाटन नगरपालिका, वडा नं २